कार्यपालिका बैठक संख्या :- ६१
बैठक मिति :- २०७६।०५।२२

**निर्णय नं. १**

मुल्यांकन समितिवाट मुल्यांकन गरि सिफारिस भइ आएको देहाय अनुसारका फर्महरुले कबोल गरेको रकम अनुसार सारभुत रुपमा प्रभावग्राहि सबैभन्दा बढी अंक कबोल गर्ने (न्यूनतम अंकभन्दा बढी रहेको) देहायका फर्मलाई कबुलियत गराइ ठेक्का चलान पुर्जा उपलब्ध गराउन नगरकार्यपालिकाको कार्यालयलाइ अधिकार दिने निर्णय गरियो ।

क. साप्ताहिक आइतवारे बुधवारे हाटकर इटहरीः-९ ठेक्का नं ३

| क्र.सं | वोलपत्रदाताको नाम फर्मको नाम | पेश गरेको कागजातहरु | | | कबोल गरेको रु मा | | न्यूनतम अंक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | व्यवसाय इजाजत | कर दर्ता | कर चुक्ता | अंक | अक्षर | | |
| १ | छिन्ताङ्गदेवी कन्स्ट्रक्सन इटहरी-६ | छ | छ | छ | ४४,८९,५५५। | चौवालिस लाख उनानब्बे हजार पाचसय पचपन्न मात्र | ४४८९२२२। | |

ख. साप्ताहिक सोमवारे सुक्रवारे हाट पचरुखी वडा नं ५ ठेक्का नं ६

| क्र. सं. | वोलपत्रदाताको नाम फर्मको नाम | पेश गरेको कागजातहरु | | | कबोल गरेको रु मा | | न्यूनतम अंक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | व्यवसाय इजाजत | कर दर्ता | कर चुक्ता | अंक | अक्षर | | |
| १ | सर्वे ट्रेडर्स इटहरी-८ | छ | छ | छ | ३४२५५६ | तिन लाख बयालिस हजार पाचसय पचपन्न मात्र | ३४१५५६। | |

ग. साप्ताहिक सोमवारे हाट पकली वडा नं १७ ठेक्का नं ५

| क्र.सं | वोलपत्रदाताको नाम फर्मको नाम | पेश गरेको कागजातहरु | | | कबोल गरेको रु मा | | न्यूनतम अंक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | व्यवसाय इजाजत | क्रर दर्ता | कर चुक्ता | अंक | अक्षर | | |
| १ | सर्वे ट्रेडर्स इटहरी-८ | छ | छ | छ | ३८९९९१। | तिन लाख उननब्बेहजार नौ सय एकानब्बे मात्र | ३८८९११। | |

**निर्णय नं २**

कार्यपालिकाको निर्णयअनुसार स्विकृत भएको साप्ताहिक सनिवारे हाट वडा नं ११,१२ खनारको ठेक्का सर्वे ट्रेडर्सलाइ रु २३,५०,०००। मा दिने गरि निर्णय भएअनुसार संझौताकोलागी पत्राचारगर्दा ठेक्का संचलन गर्न नसक्ने भनी निवेदन दिएकोले निजले दाखिला गरेको ५ प्रतिषत धरौटी रकम रु १,१७,५००।(एक लाख सत्रहजार पाँचसय) जफत गरी मुल्यांकन समितिवाट सिफारिस भए अनुसार दोश्रो वढी रु १८,५०,०००।(अठार लाख पचास हजार)रकम कबोल गर्ने न्य कोशी कन्स्ट्रक्सन बक्लौरी-७ सारभुत रुपमा प्रभावग्राही भएकोले कबुलियत गराइ ठेक्का पट्टा पुर्जा उपलब्ध गराउन नगरकार्यपालिकाको कार्यालयलाइ अख्तियारी दिने निर्णय गरियो ।

नवराज नेपाल
उपसचिव (लेखा)

क. साप्ताहिक सनिवारेहाट खानार वडा नं ११।१२ ठेक्का नं ४ दोस्रो सबैभन्दा बढी कबोल गर्ने

| क .सं | वोलपत्रदाताको नाम फर्मको नाम | पेश गरेको कागजातहरु | | | कबोल गरेको रु मा | | न्यूनतम अंक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | व्यवसाय इजाजत | कर दर्ता | कर चुक्ता | अंक | अक्षर | | |
| १ | न्यू कोशी कन्स्ट्रक्सन बक्लौरी ७ | छ | छ | छ | १८५०००० | अठार लाख पचास हजार मात्र | १७९७४००। | |

निर्णय नं ३

मुल्यांकन समितिको सिफारिस अनुसार सारभुत रुपमा प्रभावग्राहि देहायका सबैभन्दा बढी अंक कबोलगर्ने ( न्यनतम अंकभन्दा बढी रहेको ) फर्महरु लाई ७ (सात)दिन भित्र कबुलियत गराई ठेक्का चलान पुर्जा उपलब्ध गराउन कार्यपालिकावाट निर्णय भए अनुसार पत्राचार गर्दा सात ७ दिन भित्र सम्झौता गरिपाउँ भनी निवेदन दिएको तर रकम जम्मा नगरेकोले तोकिएको समयमा रकम जम्मा नगरेका निज फर्महरुलाई पत्राचार गरि निजहरुले पत्र प्राप्त गरेको मितिले ३ दिन भित्र रकम जम्मा गरि संझौता गर्न आएमा रकम असुल गरि ठेक्का संचालन गर्न कबुलियत गराइ चलान पुर्जा दिने नगरकार्यपालिकाको कार्यलयलाई अख्तियारी दिने निर्णय गरियो

तपसिल

| क .सं | वोलपत्रदाताको नाम फर्मको नाम | ठेक्काको नाम | कबोल गरेको रु मा | | न्यूनतम अंक | कैफियत |
|---|---|---|---|---|---|---|
| | | आँपगाछी साप्ताहिक सोमबारे विहिवारेहाटको ठेक्का नं १३ | अंक | अक्षर | | |
| १ | छिन्ताङ्ग देवी कन्स्ट्रक्सन इटहरी ६ | | १,७०,०००। | एक लाख सत्तरी हजार मात्र | १,५०,०००। | |

| क .सं | वोलपत्रदाताको नाम फर्मको नाम | ठेक्काको नाम | कबोल गरेको रु मा | | न्यूनतम अंक | कैफियत |
|---|---|---|---|---|---|---|
| | | दैनिक गुद्रीकर र सोमबारे बुधवारेहाट वडा नं १२ खनार | अंक | अक्षर | | |
| १ | ग्लोवल सप्लायर्स इटहरी-२० | | ७५००००। | सातलाख पचहत्तर हजार मात्र | ५,५१,१००। | |

निर्णय नं. ४

इटहरी उपमहानगरपालिकालाई विपक्षी वनाई दायरहुने मुद्धाहरुको वहस तथा अन्य कानुनी परामर्शका लागि इटहरी ५ निवासी अधिवक्ता श्री शारदा प्रसाद अधिकारीबाट बिगत आ.ब.मा समेत कानूनी परामर्श लिई रहेकोमा निजलाई चालु आ.ब.मा समेत मासिक ३५०००। (पैतिस हजार मात्र) पारिश्रमिक पाउने गरी मिति २०७६ श्रावण देखी २०७६ पौष मसान्त सम्मका लागि कानुनी सल्लाहकारका रुपमा राख्ने निर्णय गरियो ।

निर्णय नं. ५

नगरपालिकाबाट सम्पादन भएका दैनिक गतिविधिहरुलाई आवश्यकता अनुसार प्रशारण र प्रकाशनका लागि इटहरी उपमहानगरपालिका वडा नं. ८ वस्ने पत्रकार श्री लिलाराज भट्टराईबाट विगत आ.ब.मा समेत प्रेश संयोजकको रुपमा कामकाज लगाई रहेकोमा निजलाई चालु आ.ब.मा समेत मासिक रु ३५०००। (पैतिस हजार

नवराज नेपाल
उपसचिव (लेखा)

मात्र) पारिश्रमिक पाउने गरी मिति २०७६ श्रावण देखी २०७६ पौष मसान्त सम्मका लागि प्रेस संयोजकको रुपमा राख्ने निर्णय गरियो ।

<u>निर्णय नं. ६</u>

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५२ मा भएको कानुनी व्यवस्था अनुसार न्यायीक समिति बाट भएका मिलापत्र वा निर्णयको कार्यन्वयन कार्यपालिकाले तत्काल कार्यन्वयन गर्नु गराउनु पर्ने छ भन्ने कानुनी व्यवस्था हुँदा न्यायीक समिति वाट भएका मिलापत्र वा निर्णयको कार्यन्वयन गराउन प्रमुख प्रशासकीय अधिकृत लाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ७</u>

घर नक्सा शाखामा पेश भई घर नक्सा पासको प्रक्रियामा रहेका फाइलहरु मध्ये हाल फेला नपरेका फाइलहरुको सम्वन्धमा यस कार्यालयमा फेला परेमा सो फाइलमा समावेश गर्ने गरी हाललाई सम्बन्धित व्यक्तिहरुसँग रहेका आधिकारिक कागजातहरुको आधारमा प्रतिलिपी फाइल खडा गरी कारवाही अगाडी बढाउन स्वीकृती दिने निर्णय गरियो ।

<u>निर्णय नं. ८</u>

कार्यालयको कामको सिलसिलामा इनरुवा, धरान, विराटनगर जस्तो स्थानहरुमा कर्मचारी तथा पदाधिकारीहरुलाई खटाउदा सामान्यतया एक दिन भन्दा बढी अवधि नखटाउने र यसरी खटिएका व्यक्तिलाई यातायात खर्च वापत प्रति दिन व्यक्ति व्यक्ति रु ५००। (पाच सय मात्र) उपलब्ध गराउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

<u>निर्णय नं. ९</u>

नगर कार्यपालिकाको कार्यालय भवनको भुई तलामा रहेको खुल्ला ठाउँ (मन्च) मा घेरावेरा गरी अफिस कार्यालय सन्चालन गर्न ल.ई. तयार गरी भैपरी पूँजिगत शिर्षकबाट खर्च गर्ने गरी स्वीकृत ल.ई. अनुसारको निर्माण प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

<u>निर्णय नं. १०</u>

इटहरी उपमहानगरपालिका वडा नं. ५ स्थित श्री योगनाथ गुरागाईको घरमा शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रका लागि कोठा भाडामा मिति २०७६ साल असार मसान्त सम्मका लागि मात्र भाडामा लिने निर्णय भई जानकारी गराईएकोमा शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र, इटहरी १७ पकलीमा सार्दा श्रावण महिनामा समेत उक्त घरको कोठाबाट सामानहरु सार्न समय लागेको हुँदा उक्त घरकोठा प्रयोग गरे वापत सम्झौता वमोजिमको श्रावण मसान्त सम्मको घरकोठा भाडा र प्रयोग गरे अनुसारको विजुलिको रकम समेत उपलब्ध गराउने निर्णय गरियो ।

नवराज नेपाल
उपसचिव (लेखा)